नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
# क्षेत्रीय शिक्षा निर्देशनालय
पश्चिमाञ्चल, पोखरा

फोन नं. : ०६१ ४६५०९६
फ्याक्स नं. : ०६१ ४६३१०४

प.सं. : ०७३/७४
च.नं. : ४०५

मिति : २०७३/१०/१०

## विषय : वैठक सम्बन्धमा ।

श्री जिल्ला शिक्षा कार्यालय
१६ वटै (पश्चिमाञ्चल विकास क्षेत्र)

प्रस्तुत विषयमा यस क्षेत्रको समग्र शैक्षिक अवस्थाको बारेमा आगामी दिनमा अपनाउनु पर्ने कार्यनीति र जिल्लामा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुका सम्बन्धमा छलफल गरी कार्यान्वयनमा एकरुपता ल्याउने उद्देश्यका साथ यस निर्देशनालयको आयोजनामा विगतबाट भैरहेको नियमित द्वैमासिक दोश्रो वैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले उक्त वैठकमा तल उल्लेख भएबमोजिमका विवरणहरु सहित जिल्ला शिक्षा अधिकारी स्वयंको सहभागिताको लागि अनुरोध छ साथै कार्यक्रममा आउँदा जाँदाको दै.भ्र.भ. सम्वन्धित कार्यालयबाट नै भुक्तानी लिनुहुन समेत अनुरोध छ ।

**कार्यक्रम :**

मिति : २०७३ माघ २१ र २२ गते

समय : बेलुका ०४:०० बजे

स्थान : कालावाङ होम स्टे, पो.उ.म.न.पा.-२५, पुम्दीभुम्दी, कास्की ।

सम्पर्क : उपनिर्देशक ख़ेमराज पौडेल (९८५६०३६२३२),

१०/१०
(विष्णुप्रसाद अधिकारी)
**का.मु.निर्देशक**

**कार्यक्रममा सहभागी हुन आउँदा निम्नानुसारका विवरणहरु लिई आउनुहुन :**

१) बेरुजु फछ्र्यौट सम्बन्धी हालसम्मको प्रगति एवम् चालु आ.व.को अन्तसम्मका फछ्र्यौट हुनसक्ने वेरुजुको कार्ययोजना

२) २०७३ माघ १ गतेको गोरखापत्रमा प्रकाशित शिक्षा विभागको लेखापरीक्षण र सम्परीक्षणसम्बन्धी सूचनाको बुँदा नं. ६ मा उल्लेख भएको शिक्षा विभागको च.नं. ८८ मिति २०७३/०७/०७ को पत्रबाट माग भएको अनुसूची बमोजिमको विवरण र शिक्षकहरुको बढुवा रिक्त पद सम्बन्धी विवरण

३) विद्यालय कर्मचारी सम्बन्धी विवरण (गोरखा र अर्घाखाँची वाहेक)

४) गोरखा, नवलपरासी, गुल्मी, अर्घाखाँची र पर्वत जिल्लाको शिक्षकहरुको पेशागत विकास तालिमको मूलप्रमाणपत्र वितरण सम्बन्धी अभिलेख ।

५) गोरखा क्षेत्र नं. ३, गुल्मी क्षेत्र नं. ३, रुपन्देही क्षेत्र नं. २, ५ र ६, कपिलवस्तु क्षेत्र नं. २ र ३, मनाङ क्षेत्र नं. १ बाट प्राविधिक धारका विद्यालय सञ्चालनका लागि प्राप्त भएका आवेदनहरु माघ १५ भित्र प्राविधिक समितिको सिफारिस सहित क्षे.शि.नि.मा पठाउनुपर्ने ।

६) जिल्लामा अभ्यास गरिएको नविन अभ्यास, सफल कथाहरु, समस्या आदि समेटिएको बढीमा ५ मिनेटसम्मको प्रस्तुती ।

*Email: redkaski@gmail.com* *URL: www.wred.gov.np*